# बेष्ट फाइनान्स कम्पनी लिमिटेड

## तेइसौं वार्षिक साधारण सभाको माईन्युट

यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडको मिति २०७७ जेष्ठ २७ गते बसेको सञ्चालक समितिको ४९४औं बैठकको निर्णय बमोजिम सम्पूर्ण शेयरधनीहरुलाई पत्रपत्रिका मार्फत सुचना प्रबाह गरिए अनुसार मिति २०७७ साल आषाढ १८ गते (तद्अनुसार २ जुलाई २०२०) का दिन बिहान ११.०० बजे संस्थाको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौमा बसेको तेइसौं वार्षिक साधारण सभामा देहाय बमोजिमको उपस्थितिमा निम्न विषयहरुमा छलफल गरि निर्णयहरु गरियो ।

**१. उपस्थित सञ्चालकहरु:**

| | | |
|---|---|---|
| १. | श्री अमिर ध्वज प्रधान | अध्यक्ष |
| २. | श्री कृष्णहरी श्रेष्ठ | सञ्चालक |
| ३. | श्री मिलन थापा | सञ्चालक |
| ४. | श्री सुरज क्षेत्री | सञ्चालक |
| ५. | श्री दिपक ढकाल | सञ्चालक |
| ६. | श्री बिमल प्रसाद ढकाल | सञ्चालक |

**२. शेयरधनीहरुको उपस्थीति:**

| | | |
|---|---|---|
| क) कुल शेयरधनी संख्या **७,३९२** | कुल ग्रहण गरेको शेयर संख्या | **८२,८९,१३८ शेयर कित्ता** |
| ख) स्वंय उपस्थित शेयरधनीहरु ११९ जना | शेयर संख्या | १५,४७,३१५ शेयर कित्ता |
| ग) प्रोक्सी मार्फत ३८ जना | शेयर संख्या | २७,०४,७५० शेयर कित्ता |
| | **जम्मा उपस्थित शेयर संख्या** | **४२,५२,०६५ शेयर कित्ता** |
| | **जम्मा उपस्थित प्रतिशत** | **५१.३० प्रतिशत** |

**३. उपस्थित पदाधिकारीहरु तथा अन्य अतिथिहरु:**

| | | |
|---|---|---|
| १. | श्री तोयराज अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | अधिवक्ता श्री श्याम कुमार खत्री | कानूनी सल्लाहकार |
| ३. | श्री सन्तोष लम्साल | चार्टर्ड एकाउन्टेण्ट (NFRS Consultant) |
| ४. | श्री शैलेन्द्र बादे श्रेष्ठ | सहायक महाप्रबन्धक |
| ५. | श्री खेमदेव घिमिरे | प्रबन्धक |
| ६. | श्री शालिकराम चापागाई | प्रबन्धक |
| ७. | श्री हेबेन्द्र शाक्य | सहायक प्रबन्धक/कम्पनी सचिव |

**४. कार्यक्रम सञ्चालक** — श्री शालिकराम चापागाई, प्रबन्धक

**५. सभाको वैधानिकताको जानकारी :**

बेष्ट फाइनान्स कम्पनी लिमिटेडको २०७७ जेष्ठ २७ गते बसेको सञ्चालक समितिको ४९४औं बैठकको निर्णय बमोजिम यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडको तेइसौं वार्षिक साधारण सभा बस्ने वारेको सूचना, छलफल गर्ने विषयहरु, लेखा परिक्षकको प्रतिवेदन, संचालक समितिको प्रतिवेदन सहितको सूचना शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा पठाईएको र सो सम्बन्धि सूचना प्रथम पटक मिति २०७७/०२/२८ गतेको कारोबार राष्ट्रिय दैनिक र दोश्रो पटक २०७७/०३/०२ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सार्वजनिक रुपले सूचित गरिएको थियो ।

कम्पनी ऐन २०६३ को दफा ६७, ७६ तथा यस वित्तीय संस्थाको नियमावलीको नियम ४ बमोजिम बोलाईएको यस साधारण सभा कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ ले तोकेको आवश्यक गणपूरक

संख्याको सम्वन्धमा संस्थामा कुल ७,३९२ शेयरधनीहरुले ग्रहण गरेको शेयर संख्या ८२,८९,१३८ मध्ये, स्वयं उपस्थित ११९ जना, प्रोक्सी मार्फत ३८ जना र संचालकहरु ६ जनाको जम्मा उपस्थित शेयर कित्ता ४२,५२,०६५ भएकोले जम्मा उपस्थित प्रतिशत ५१.३० प्रतिशत रहेकाले संस्थाका कानूनी सल्लाहकार अधिवक्ता श्री श्याम कुमार खत्रीज्यूले यो सभा संचालन गर्न वैधानिकता प्राप्त भएको जानकारी गराउनु भयो ।

**६. स्वागत मन्तब्य :**

यस संस्थाका सञ्चालक श्री कृष्णहरी श्रेष्ठज्यूले सभामा उपस्थित शेयरधनीहरु, अतिथि एवं आमन्त्रीत व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।

**७. सभाको आरम्भ :**

सञ्चालक समितिका अध्यक्ष एंव साधारण सभाका अध्यक्ष श्री अमिर ध्वज प्रधानज्यूले पानसमा दीप प्रज्वलन गर्दै सभाको बिधिवत उद्घाटन गरी निम्न लिखित प्रस्तावहरु साधारण सभा समक्ष छलफल एंव निर्णयका लागि पेश गर्नुभयो ।

**८. छलफलका बिषयहरु**

(क) सामान्य प्रस्ताव

१. आ.ब.२०७५/०७६ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७५/०७६ को बार्षिक वित्तीय विवरण (२०७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।
३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.ब.२०७६/०७७ को लागि बाह्य लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. यस बेष्ट फाइनान्स कम्पनी लि.को संचालक समितिबाट मनोनीत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी आउनु भएका २ जना संचालकहरुको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने ।

(ख) बिबिध

**९. प्रतिवेदन प्रस्तुत :-**

अध्यक्षद्धारा सञ्चालक समितिको तर्फवाट आ.व. २०७५/०७६ को प्रतिवेदन तथा लेखा परिक्षकको प्रतिवेदन सहितको २०७५/०७६ को वार्षिक वित्तीय विवरण, २०७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान वाँडफाँड हिसाव लगायत आर्थिक विवरण र सो संग सम्वन्धित अनुसूचीहरु समेत छलफलको लागि प्रस्तुत गर्नु भयो ।

**१०. छलफलका बिषयहरु उपर शेयरधनीहरुको जिज्ञांसा तथा सुझावहरु**

सभामा अध्यक्ष ज्यूको प्रतिवेदन लगायत माथि उल्लेखित बिषयहरुमा छलफलमा सहभागी हुंदै निम्न शेयरधनीहरुले जिज्ञासा एंव सुझावहरु राख्नु भएको थियो ।

शेयरधनीहरु श्री अमिर दास रंजित, श्री राम गोपाल महर्जन, श्री नरसिंह लाल चंखु, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठ, श्री शत्रुघन श्रेष्ठ तथा श्री बेवीजन तिमल्सीनाज्यूहरुले देहाय बमोजिमका जिज्ञांसा तथा सुझावहरु राख्नुभयो ।

१. समयमा नै साधारण सभा गर्नु पर्ने ।
२. नियमनकारी निकायको कैफियतहरु सुधार गर्दै जानु पर्ने ।
३. निस्कृय कर्जा सन्तोषजनक रुपमा घट्न नसकेको ।
४. बैंकसंग Merger मा जान उपयुक्त हुने ।
५. समय अनुसार जान नसकेको हो कि?
६. लगानीकर्तालाई प्रतिफल दिन सक्नु पर्‍यो ।
७. संचालकहरुलाई दिइएको पत्रपत्रिका खर्च बढी भयो कि?

2

८. भुक्तानी दिन बाँकी रहेको शेयरधनीहरुलाई दिनु पर्ने लाभांशको हिसाब मिलान गर्नुपर्ने ।
९. संस्थाको भावी कार्यक्रम के छ ?
१०. संचित नोक्सानीलाई कम गर्दै लग्ने रणनीति अख्तियार गर्नु पर्ने ।
११. ग्रामिण क्षेत्रमा शाखा विस्तार हुनु पऱ्यो ।
१२. शेयरमा लगानी प्रयाप्त बिश्लेषण गरी मात्र गर्नु पर्ने ।
१३. Market Positive गर्न प्रचार प्रसार गर्नु पर्ने ।
१४. Management Efficiency बढाउनु पर्ने ।
१५. संस्थाका शाखाहरुलाई नाफामा संचालन हुनु पर्ने ।
१६. डिजिटल कारोवारलाई प्रोत्साहन गर्नु पर्ने ।
१७. रु.४अर्ब निक्षेप पुयाउनु पऱ्यो ।
१८. कृषि, ठुला खालका जलबिद्युत क्षेत्रमा लगानी बढाउँदै लानु पर्ने ।

**११. शेयरधनीहरुको जिज्ञांसाहरुको प्रतिउत्तर**

अध्यक्षज्यूले यस सभामा प्राप्त सुझाव सल्लाहहरुले संस्थालाई एक सवल र सक्षम रुपमा अगाडी बढाउँदै लान हौसला मिलेको तथा प्राप्त सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिने जानकारी गराउनु भयो ।

विभिन्न कारणहरुले साधारण सभामा हुन गएको बिलम्ब प्रति क्षमा माग्दै आगामी साधारण सभा समय भित्रै गर्ने तर्फ प्रतिबद्ध रहने, नेपाल राष्ट्र बैंकको टिप्पणीमा रहेका केही कैफियतहरु सुधार गरिसकिएको र बाँकी केही कैफियतहरु सुधारको क्रममा रहेको छ । निष्कृय कर्जा तर्फ सुधार हुँदै गएकोमा बन्दाबन्दीको कारण केही समस्या आउन सक्ने देखि यसको असर कम गर्नका लागि केही नीतिगत निर्णय लिई सकिएको छ र निष्कृय कर्जा तथा गैर बैंकिङ्ग सम्पत्तीको उचित व्यवस्थापन गरी लगानीकर्ताहरुलाई प्रतिफल प्रदान गर्न सक्षम हुने छौं भन्ने कुरामा आशावादी छौं । साथै संचालकहरुलाई प्रदान गर्दै आएको भत्ता तथा पत्र पत्रिका खर्च न्यून मध्य कै रहेको सभालाई जानकारी गराउनु भयो ।

संस्थालाई मर्जर/एक्विजिशनको लागि मर्जर कमिटी गठन भई कमिटीले आफ्नो कार्य अगाडी बढाईरहेको सभालाई जानकारी गराउनु भयो ।

अध्यक्षज्यूको निर्देशन अनुसार संस्था संचालन एवं व्यवस्थापकिय गतिविधि बिषय संस्थाका प्रमुख कार्यकारी अधिकृत तोयराज अधिकारीले Management Efficiency बढाउन कर्मचारीहरुलाई आवश्यकता अनुसार बिभिन्न तालिमहरुमा सहभागी गराउने गरिएको, संस्थाले Connectips को शुरुवात गरिसकेको र निकट भविष्यमा डिजिटल सेवा प्रदान गर्ने क्रममा रहेको, प्रतिकुल अवस्था भएमा आगामी दिनमा संस्थाले सात वटै प्रदेशहरुमा शाखा विस्तार गरी कारोवार विस्तार गर्न र देशको मेरुदण्डको रुपमा रहेको कृषि तथा हाइड्रो क्षेत्रमा कर्जा लगानी गर्ने सोच बनाई अगाडी बढिरहेको छ । CSR अन्तर्गत रहेको रकमबाट थोरै खर्चमा पनि संस्थाको ठूलो प्रचार भई बजारमा संस्थाको उपस्थिति महसुस भईरहेको छ । साथै बजारको विश्लेषण गरी कारोवार जोखिम न्युनीकरण गर्दै गइरहेको लगायतका बिषयहरुमा जानकारी गराउनुभयो ।

**१२. सभाको निर्णयहरु :**

शेयरधनीहरुको जिज्ञांसा तथा सुझावहरुको प्रतिउत्तर पश्चात् अध्यक्ष श्री अमिर ध्वज प्रधानज्यूले सञ्चालक समितिको तर्फवाट प्रस्तुत गरिएका देहायका बिषयहरु छलफल भई साधारण सभामा सर्वसम्मतिबाट निर्णय भएको जानकारी गराउनु भयो ।

**क) सामान्य प्रस्ताव :**

१. आ.ब.२०७५/०७६ को संचालक समितिको प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७५/०७६ को बार्षिक वित्तीय विवरण (२०७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु सहित) पारित गर्ने निर्णय गरियो ।
३. अध्यक्षद्वारा संस्थाको आ. ब. २०७६/०७७ को लागि लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा लेखापरिक्षण समितिको सिफारीस प्रस्तुत गर्न अनुरोध भएपश्चात् संचालक श्री बिमल प्रसाद ढकालज्यूले विवरण पेश गर्दै आ.व.२०७६/०७७ को लागि बाह्य लेखापरिक्षण गर्न लेखापरिक्षण शुल्क

रु.३,००,०००/- (अक्षरेपी तीन लाख रुपैयां मात्र) मूल्य अभिबृद्धि कर बाहेक पारिश्रमीक प्रदान गर्ने गरी श्री बि.आर.एस.न्यौपाने एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री अनुप कुमार श्रेष्ठलाई नियुक्ती गर्ने प्रस्ताव साधारण सभामा स्वीकृतीको लागि पेश भएकोमा उल्लेखित पारीश्रमिक तथा सुबिधा प्रदान गर्ने गरि लेखापरिक्षकको नियुक्तीको प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

४. यस बेष्ट फाइनान्स कम्पनी लि.को संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट मनोनीत हुनु भएका संचालकहरु श्री अमिर ध्वज प्रधान र श्री दिपक ढकालज्यूहरुको बाँकी कार्यकालको नियुक्तीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**(ख) बिबिध:**

अध्यक्षज्यूद्वारा बिबिधमा अन्य कुनै छलफलको बिषय नभएको जानकारी गराउनु भयो ।

**धन्यवाद तथा सभा विर्सजन**

अध्यक्ष श्री अमिर ध्वज प्रधानज्यूले बिशेष परिस्थितिमा समेत बित्तीय संस्थाको वार्षिक साधारण सभामा शेयरधनीहरुको सहभागीता भएकोमा खुशी प्रकट गर्दै वित्तीय संस्थाको उन्नती तथा प्रगतीको लागी सहयोग पुऱ्याउनुहुने ग्राहक महानुभावहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर रजिष्ट्रार श्री प्रभु क्यापीटल लिमिटेड, सिडीएस एण्ड क्लियरीङ्ग लिमिटेड तथा नेपाल सरकारका सम्बन्धित निकायहरुबाट पाएको सहयोग प्रति हार्दिक आभार प्रकट गर्नुभयो । साथै वित्तीय संस्थाको संस्थागत सुदृढीकरणको लागी महत्वपूर्ण भूमिका निर्बाह गनुहुर्ने वित्तीय संस्थाका बाह्य लेखापरिक्षक, श्री पारस मणि अर्यालज्यू, लेखापरिक्षक श्री सन्तोष लम्सालज्यू (NFRS Consultant), लेखापरिक्षक श्री गोपाल कुमार श्रेष्ठज्यू, लेखापरिक्षक श्री रामहरी कडेलज्यू, BIM का श्री वि.एन. घर्तिज्यू, कानूनी सल्लाहकारहरु अधिवक्ता श्री अरुण कुमार पौडेलज्यू तथा अधिवक्ता श्री श्याम कुमार खत्रीज्यूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दै संस्थाको उन्नती तथा प्रगतीको लागि शेयरधनीहरुले यस सभामा राख्नु भएको सुझाव तथा सल्लाहलाई आत्मसाथ गरि कार्यान्वयन गर्दै जाने पुनः प्रतिवद्धता जाहेर गर्दै सभालाई सफलतापूर्वक सम्पन्न गर्न भुमिका निर्वाह गर्नुहुने पूर्व संचालक तथा अध्यक्षज्यूहरु, शेयरधनीहरु, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै यस संस्थाप्रति सकारात्मक धारणा राखी संस्थाको संस्थागत बिकासको लागि सहयोगी भूमीका निर्बाह गरिदिनुहुने सञ्चार माध्यम तथा सम्पूर्ण शुभचिन्तकहरु प्रति आभार प्रकट गर्दै सभा समापन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| हेवेन्द्र शाक्य<br>कम्पनी सचिव | बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD. | अमिर ध्वज प्रधान<br>अध्यक्ष |

२०७७ आषाढ १८ गते